# कोभिड संकट व्यवस्थापन केन्द्र सर्लाहीको बैठक
## २०७८/०१/३० गते बिहीबार

आज मिति २०७८/०१/३० गते बिहीबार प्रमुख जिल्ला अधिकारी श्री हेमराज तामाङज्यूको अध्यक्षतामा जिल्ला समन्वय समितिका प्रमुखज्यू र मलंगवा नगरपालिकाको प्रमुखज्यूको विशेष र अन्य पदाधिकारीको उपस्थितिमा कोभिड संकट व्यवस्थापनका सम्बन्धमा विभिन्न निर्णय गर्दै जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्र (DCCMC) को बैठक सुसम्पन्न भयो ।

### कोभिड संकट व्यवस्थापन (DCCMC) केन्द्रको उपस्थिति

| क्र.सं. | नाम,थर | पद/दर्जा | कार्यालय/संस्था | सम्पर्क नम्बर | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १. | हेमराज तामाङ | प्र. जि. अ. | जि. प्रशासन कार्यालय | ९८५४०७७७७७ | |
| २. | सरोज राना | प्रमुख सेनानी | भैरवी दल गण, सर्लाही | ९८४१७०१३७८ | |
| ३. | सन्तोष सिंह राठौर | प्र. उपरीक्षक | जि.प्र.का., सर्लाही | ९८५४०७५५५५ | |
| ४. | गंगाराम श्रेष्ठ | स.प्र. उपरीक्षक | नं.१०गण,हे.क्वा, सर्लाही | ९८५१२७२१०८ | |
| ५. | दिलिप कुमार सिंह | उप अ.निर्देशक | रा.अ. कार्यालय, सर्लाही | ९८५४०४२२४० | |
| ६. | होमनाथ सुबेदी | जि. स. अ. | जि.स.स, सर्लाही | ९८५५०६५२७७ | |
| ७. | श्रवण कुमार नायक | प्रमुख | स्वास्थ्य कार्यालय | ९८५४०४६०८५ | |
| ८. | बलिराम यादव | क्षयकुष्ठ अधिकृत | स्वास्थ्य कार्यालय | ९८४४०४४९७८ | |
| ९. | विनोद कुमार झा | कोभिड फोकल | स्वास्थ्य कार्यालय | ९८४२६३७३१५ | |
| १०. | ज्ञानेन्द्र कुमार सिंह | तथ्यांक अधिकृत | स्वास्थ्य कार्यालय | ९८४५११६९२८ | |
| ९. | डा. संजीव कु. सिंह | मे.सु. | मलंगवा अस्पताल | ९८४४०३८४७९ | |
| १०. | श्रीप्रसाद साह | ज.स्वा. निरीक्षक | मलंगवा अस्पताल | ९८५४०२७३३० | |

### विशेष उपस्थिति

| क्र.सं. | नाम,थर | पद/दर्जा | कार्यालय/संस्था | सम्पर्क नम्बर | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १. | मेथुर चौधरी | जि.स.स प्रमुख | जि.स.स, सर्लाही | ९८५४०४०७९८ | |
| २. | निरसल साह | नगर प्रमुख | मलंगवा नगरपालिका | ९८५४०६२७०० | |

### अन्य उपस्थिति

| क्र.सं. | नाम,थर | पद/दर्जा | कार्यालय/संस्था | सम्पर्क नम्बर | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १. | विरेन्द्र प्र. शाह | अध्यक्ष | उद्योग वाणिज्य संघ, सर्लाही | ९८५४०३५४४६ | |
| २. | सञ्जय कु. गुप्ता | व.उपाध्यक्ष | चेम्बर अफ कमर्स, सर्लाही | ९८५४०३५०६१ | |
| ३. | टंक क्षत्री | अध्यक्ष | पत्रकार महासंघ, सर्लाही | ९८५४०३६०१० | |
| ४. | उग्रकान्त झा | अध्यक्ष | नागरिक समाज, सर्लाही | ९८४४०३४००५ | |
| ५. | नागेन्द्र प्र. चौधरी | सभापति | रेडक्रस सोसाइटी शाखा | ९८४४०९६५३५ | |
| ६. | कुमार बहादुर - सचिव नेपाल पत्रकार महासंघ - ९८४४०८८५७० | | | | |

आज मिति २०७८ वैशाख ३० गते बिहीबारको बैठकबाट जिल्लामा कोभिडको अवस्था समीक्षा, निषेधाज्ञाको कार्यान्वयन र निरन्तरताको समीक्षासहित विभिन्न विषयमा देहायबमोजिम निर्णय गरियोः-

## कोभिड संक्रमणको अवस्था समीक्षा सम्बन्धमा

आज मिति २०७८/०१/३० गते बिहीबार १२:३० बजेसम्मको तथ्यांक अध्ययन गर्दा कोभिड परीक्षण (एन्टिजेट : ३५४ र पिसिआर : ७७६) कूल ११३० रहेको, संक्रमितको संख्या कूल ४५३ जना रहेको र मृत्यु हुनेको संख्या ११ जना रहेको छ । यस तथ्यका आधारमा स्थितिको समीक्षा गर्दा कोभिड संक्रमणको फैलावट बढ्दो क्रममा रहेको पुष्टि भएको छ । कोभिड रोकथाम, नियन्त्रण र व्यवस्थापनका सम्बन्धमा जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्र (DCCMC) र जिल्ला कोभिड संकट व्यवस्थापन समन्वय समिति (DCCMCC) ले थप सक्रियताका साथ कार्य गर्ने समीक्षा भयो ।

## निर्णय

### १. निषेधाज्ञाको निरन्तरता सम्बन्धमा

नयाँ भेरियन्टसहितको कोभिड महामारी फैलिइरहेको र जोखिम बढ्दै गएको सन्दर्भमा कोभिड संक्रमणको Chain Break गर्दै संक्रमण रोकथाम गर्न यस अघि मिति २०७८ वैशाख २५ गते राती १२: ०० बजेदेखि २०७८ वैशाख ३१ गते राती १२:०० बजेसम्म जिल्लाभर लागू हुने गरी स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा (३) र संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम अत्यावश्यक सेवा बाहेकका सम्पूर्ण सेवा बन्द हुने गरी प्रमुख जिल्ला अधिकारीबाट निषेधाज्ञा जारी गर्ने निर्णय भएकोमा अझै संक्रमणको अवस्था नियन्त्रणमा आई नसकेको हुँदा पुनः मिति २०७८ वैशाख ३१ गते राती १२:०० बजेदेखि मिति २०७८ जेष्ठ १० गते राती १२:०० बजेसम्मका लागि निषेधाज्ञालाई निरन्तरता दिन जिल्ला प्रशासन कार्यालयलाई सिफारिस गर्ने । पूर्व जानकारीका लागि निषेधाज्ञाको सूचना तुरुन्त जिल्ला प्रशासन कार्यालयको वेभसाइट daosarlahi.moha.gov.np र जिल्ला प्रशासन कार्यालय, सर्लाहीको फेसबुक पेजमा राख्ने ।

### २. शव व्यवस्थापनमा खटिने नेपाली सेनाको लागि क्वारेन्टिन स्थलको व्यवस्था सम्बन्धमा

कोभिड संक्रमणका कारण मृत्यु भएका व्यक्तिहरूको शव व्यवस्थापनमा खटिने भैरवी दल गण, सर्लाहीका सैनिक कर्मचारीहरूलाई कोभिड प्रोटोकल अनुसार क्वारेन्टिनमा राख्न भवन संरचना र स्थलको अभाव भएको हुँदा भैरवी दल गण सर्लाही नजिकै रहेको लालबन्दी न.पा. वडा नं. २ मा अवस्थित श्री पाँच कुमारी प्रा.वि. मा क्वारेन्टिन स्थल बनाउन उपयुक्त देखिएको हुँदा लालबन्दी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयलाई उक्त विद्यालयमा

क्वारेन्टिन स्थल निर्माण गर्न नेपाली सेनाको मैत्री दल गणलाई आवश्यक सहयोग र सहजीकरण गरिदिन अनुरोध गर्ने ।

३. **अक्सिजन सिलिन्डर खरिद तथा व्यवस्थापन सम्बन्धमा**

(क) जटिल कोभिड संक्रमितको उपचारमा अक्सिजनको अभाव हुन नदिन सामाजिक विकास मन्त्रालय, प्रदेश नं. २ बाट मलंगवा अस्पताललाई रू. ५ लाख रूपैयाँ प्राप्त भएकोमा उक्त बजेट रकम अक्सिजन सिलिण्डर रिफिल गर्न र रिफिल गर्दा बचेको रकमबाट नियमानुसार अक्सिजन सिलिण्डर खरिदमा खर्च गर्न सिफारिस गर्ने । रकम खर्च गर्दा मितव्ययिता र प्रभावकारिता कायम हुने गरी गर्ने ।

(ख) संक्रमित भई श्वासप्रश्वासमा समस्या देखिएका व्यक्तिलाई उपचार स्थान वा स्वास्थ्य संस्थासम्म पुऱ्याउन अक्सिजन सिलिण्डरको अभाव हुन नदिन तथा अक्सिजन सिलिण्डरसहित एम्बुलेन्सबाट जिल्लाबाहिरका कोभिड डेडिकेटेड अस्पतालसम्म संक्रमित व्यक्तिको उपचारार्थ पठाउन जिल्लाभित्रका सबै अक्सिजन सिलिण्डर जिल्ला प्रशासन कार्यालयको स्वीकृति बेगर बेच्न नपाउने र अन्य जिल्लाका लागि संक्रमितको उपचारमा प्रयोग गर्नका लागि अक्सिजन सिलिण्डर माग भएकोमा समेत जिल्ला प्रशासनको आदेश र स्वीकृति बिना बेच्न नपाउने ।

जिल्ला प्रहरी कार्यालय र सशस्त्र प्रहरी बल, नं. १० हे. क्वा. बाट यस निर्णयको प्रभावकारी कार्यान्वयन गर्ने गराउने ।

उद्योग वाणिज्य संघ र चेम्बर अफ कमर्सले नगर उद्योग वाणिज्य संघ र अन्य अक्सिजन सिलिण्डरको आधिकारिक बिक्रेतालाई पत्राचार गरी अक्सिजन सिलिण्डरको खाली र भरिएको अपडेटेड तथ्यांक लिने र जिल्ला प्रशासन कार्यालयको स्वीकृति बिना बेच्न नपाउने र अन्य काममा प्रयोग नगर्न पत्राचारमार्फत अनुरोध गर्ने ।

४. **नेपाली सेनालाई शव व्यवस्थापन अत्यावश्यक सामान खरिद सम्बन्धमा**

कोभिड संक्रमणका कारण मृत्यु भएका व्यक्तिहरूको शव व्यवस्थापन तथा संक्रमितहरू राखिएको आइसोलेसन सेन्टरको सुरक्षार्थ खटिने नेपाली सेनाका साथै फ्रन्ट डेस्कमा रही कोभिड रोकथामा खटिने नेपाल प्रहरी, सशस्त्र प्रहरी लगायतका सुरक्षा निकायका लागि आवश्यक पर्ने अत्यावश्यक स्वास्थ्य सुरक्षाका सामग्री जिल्ला प्रशासन कार्यालयबाट खरिद गरी नेपाली सेनालाई वितरण गर्न आवश्यक बजेट रकम प्रदेश नं. २ को सामाजिक विकास मन्त्रालयलाई अनुरोध गर्ने ।